गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, कास्की, नेपाल

# प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/१५

**गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखरा**बाट आर्थिक बर्ष २०८३/०८४ मा तपसिल बमोजिमको स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रालय र मातहत निकायबाट संचालन हुने बार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ बमोजिम मिति २०८३/०६/२९ गते भित्र यस मन्त्रालयको श्रम तथा रोजगार शाखा, जिल्ला स्थित एकिकृत सेवा कार्यालय तथा मन्त्रालयको इमेल ठेगाना mosdys@gandaki.gov.np वा ministrysocialdevpkr@gmail.com मा मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि मन्त्रालयको वेवसाइट:- mosdys.gandaki.gov.np हेर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रम | प्रस्ताव पेश गर्न पाउने निकाय/व्यक्ति/समुदाय |
|---|---|---|
| १ | वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रम | मापदण्डको अनुसूची ५ बमोजिमको निवेदन तथा सो साथ संलग्न व्यावसायिक योजनाको ढाँचामा श्रम स्वीकृती लिएर मलेशिया र खाडी मुलुक (साउदी अरव/दुवइ/कतार/कुवेत/ओमन/बहराइन) मा श्रम गरी स्वदेश फर्केको ५ वर्ष पुरा नभएको नेपाली नागरिकले संचालन गरेको उद्योग/व्यवसायको यन्त्रिकरण तथा आधुनिकीकरणका लागि अनुदान सहयोग । |

**यस सम्बन्धी थप जानकारी:-** प्रस्ताव, निवेदन, व्यवसायिक योजनाको ढाँचा,पेश गर्न पर्ने कागजातहरु तथा मूल्याङ्कनका आधारहरु यस मन्त्रालयको वेवसाइड mosdys@gandaki.gov.np मा राखिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

# <u>अनुसूची ५</u>

**वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुले व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रममा सहभागी हुनको लागि दिने निवेदन ढाँचाः**

मितिः

विषयः व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउँ।

श्रीमान सचिवज्यू,
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा।

उपरोक्त सम्वन्धमा गण्डकी प्रदेश ........ जिल्ला ............................. महानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं. ...... स्थायी ठेगाना भएको म ............. बर्ष ............. मुलुकमा वैदेशिक वैदेशिक रोजगारीमा रही स्वदेश फर्कीए पश्चात मिति ........................ देखि निरन्तर ...................... व्यवसाय सञ्चालन गरिरहेको जानकारी गराउदछु। त्यस मन्त्रालयको मिति ..................................... मा प्रकाशित सूचना सूचना अनुसार देहायको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

१.व्यवसाय रहेको ठेगाना

२. राहदानी नं. ................... Departure र Arrival मिति र भिषा समेत देखिने गरी राहदानीको प्रतिलिपी

३.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

४.राहदानीको प्रमाणपत्रको प्रतिलिपी (विदेशबाट फर्केको आधार पुष्टी हुने कागजात),

५.व्यवसाय दर्ता/नविकरण प्रमाणपत्र,

६.स्थायी लेखा नं. (PAN),

७.कर चुक्ता प्रमाणपत्र,

८.स्थानीय तह/वडाको सिफारिस (विगत २ आ.व.मा अन्य निकायबाट अनुदान लिए/नलिएको)

९.स्वघोषणा पत्र

निवेदक

नामथरः

## वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुले व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रम अन्तर्गत यान्त्रिकरण र आधुनिकिकरणका लागि व्यवसायिक योजनाको ढाँचा

श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा ।

१ उद्योग/व्यवसाय सञ्चालक/समूहको नामः ठेगानाः सम्पर्क नं.

२ उद्योग/व्यवसाय संचालन गरेको स्थानः

३ उद्योग/व्यवसाय सम्बन्धी विवरणः

क. नामः

ख. पृष्ठभूमि

ग. उद्योग/व्यवसायको दर्ता नं. र दर्ता मितिः पान नं.

घ. व्यवसाय स्थापनाको उद्देश्यः

ङ. शुरु लगानी (नगद तथा अन्य)

च. उद्योग/व्यवसायको प्रकृतिः (पशुजन्य/कृषिजन्य/जडिवुटी/लघु उद्यम/अन्य)

छ. हाल व्यवसायमा आवद्ध जनशक्तिको अवस्थाः १ घरपरिवार महिला.... .पुरुष ...कुल ... जना
२ घरपरिवार वाहेक महिला.... .पुरुष ...कुल ... जना

ज. उद्योग/व्यावसाय संचालनमा रहेको जग्गाको स्वामित्व/प्रमाण

झ. उद्योग/व्यवसायको हालको अववस्थाः

ञ. उत्पादन र बजारको अवस्था तथा सम्भावनाः

ट. व्यवसायः उत्पादनजन्य/प्रशोधनजन्य/बजारीकरणः

ठ. आवश्यक कच्चा पदार्थ र संचालन सामग्री आपूर्तिको व्यवस्थाः

ड. कच्चा पदार्थको उपलब्धताः स्थानीयस्तरमा उपलब्ध/जिल्लाभित्र उपलब्ध/जिल्ला बाहिरबाट ल्याउनुपर्ने

ढ. भावी योजना अनुसार आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्तिः महिला र पुरुष संख्या खुलाउने

ण. जोखिम व्यवस्थापनको सोचः

त. माग/अपेक्षा गरेको सहयोगको क्षेत्रः

थ. व्यवसायमा माग गरिएको उपकरण/ प्रविधि र अनुमानित लागतः

द. लगानी विस्तारको योजनाः

ध. प्रदुषण व्यवस्थापनको अवस्थाः १पूर्ण २ आंशिक

न. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृतको अबस्थाः १ गराइएको २ नगराइएको
३ गराइएको भए संख्या ....

अन्य केही भए खुलाउने ।

पेश गर्नेको

नामथरः

हस्ताक्षरः उद्योग/व्यवसायको छापः

## अनुसूची-६

## वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रमको लागि छनौटका आधार तथा मूल्याङ्कनका सूचक

| क्र.सं. | छनौटका आधार | मूयाङ्कन सूचक | अंक |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता गरी सञ्चालन गरेको बर्ष (५ अंक) | पहिलो बर्ष | ५ |
| | | दोस्रो बर्ष | ४.५ |
| | | तेस्रो बर्ष | ४ |
| | | चौथों बर्ष | ३.५ |
| | | पाचौं बर्ष | ३ |
| २ | रोजगारीको अवस्था (५ अंक) | ९ जना सम्म | २ |
| | | १० जना वा सो भन्दा वढी | ५ |
| ३ | उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्र (१० अंक) | महानरपालिका | ७ |
| | | नगरपालिका | ८ |
| | | गाउँपालिका | १० |
| ४ | स्थानीय साधन र स्रोतको प्रयोगको अवस्था (५ अंक) | २५% सम्म प्रयोग भएको | २ |
| | | २५% भन्दा बढि प्रयोग भएको | ५ |
| ५ | प्रदुषण व्यवस्थापन (५ अंक) | आंशिक व्यवस्थापन भएको | २ |
| | | पूर्ण व्यवस्थापन भएको | ५ |
| | **जम्मा अंक** | | ३० |

## अनुसूची-७
## स्वघोषणा पत्र

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको स्वीकृत वार्षिक विकास बजेटबाट सञ्चालित वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रमका लागि मन्त्रालयको मिति ...................... गते प्रकाशित सूचना अनुसार ...................... जिल्ला...................... गा.पा/न.पा/म.न.पा वडा नं. ........... स्थायी ठेगाना भएको म श्री ................................................ ले ................................ कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय योजनासँग मेलखाने कार्यका लागि विगत २ बर्षमा अन्य निकायबाट कुनै पनि अनुदान रकम प्राप्त नगरेको र कालो सूचीमा नपरेको स्वघोषणा गर्दछु। अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्ध लगायत नियमानुसार अन्य सजाय भोग्न समेत तयार छु ।साथै अन्य व्यवस्था वैदेशिक रोजगारबाट फर्केका श्रमिकलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रम कार्यान्वयन मापदण्ड २०८३ अनुसार पालना गर्ने भनी स्वघोषणा गर्दछु/गर्दछौ।

<u>अन्य नियकाबाट प्रोत्साहन रकम प्राप्त भएको भए भर्ने:</u>

| क्र.सं. | प्रोत्साहन रकम दिने निकायको नाम | आर्थिक वर्ष | रकम | गरेको काम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित सबै व्यहोरा साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

<u>निवेदक</u>
हस्ताक्षार :

नामथर :

ठेगाना :

मोबाइल नं :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |